पोखरा महानगरपालिका

# स्थानीय राजपत्र

वर्ष :४ पोखरा खण्ड :६८ प्रमाणित मितिः २०७७ माघ २४ गते

## भाग १

## फोहोरमैला व्यवस्थापन नियमावली २०७४ (पहिलो संशोधन)

# फोहोरमैला व्यवस्थापन नियमावली २०७४

**प्रस्तावना :** फोहोरमैला व्यवस्थापन ऐन, २०७४ लाइ संसोधन गर्न वान्छनीय भएकोले, पोखरा महानगरपालिकाको सभाले यो ऐन बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भ :** (१) यस ऐनको नाम "फोहोरमैला व्यवस्थापन ऐन (पहिलो संसोधन), २०७४" रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. **मूल ऐनको प्रस्तावनामा संशोधन : "स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १०२ (१)"** वाक्याँसको सट्टा **"नेपालको संविधानको अनुसूची ८ (९) को अधिकार र धारा २२६ को व्यवस्था बमोजिम" भन्ने वाक्याँस थप गरिएको ।**

३. **मूल ऐनको दफा २ खण्ड (क) मा संशोधन : "लेखनाथ" भन्ने शब्द हटाइएको ।**

४. **मूल ऐनको दफा २ खण्ड (ग) मा संशोधनः "लेखनाथ" भन्ने शब्द हटाइएको ।**

५. **मूल ऐनको दफा २ खण्ड (ग) पछी देहाय अनुसार खण्ड (घ) थप गरिएको :**

(घ) "उप-प्रमुख" भन्नाले पोखरा महानगरपालिकाको नगर उप-प्रमुखलाई सम्झनु पर्छ ।

६. **मूल ऐनको दफा २ खण्ड (घ) मा संसोधन :** "भन्नाले" भन्ने शब्द पछी "पोखरा महानगरपालिका" भन्ने शब्दहरु थप गरिएको ।

७. **मूल ऐनको दफा २ को खण्ड (ङ) मा संशोधन :** "भन्नाले" शब्द पछी "पोखरा महानगरपालिकाको" भन्ने शब्दहरु थप गरिएको ।

८. **मूल ऐनको दफा २ को खण्ड (थ) मा सच्याइएको :** "दुनी" भन्ने शब्दको सट्टा "ढुवानी" भन्ने शब्द राखिएको ।

९. **मूल ऐनको दफा २ को खण्ड (द) पछी देहाय अनुसार (ध) देखि ....खण्डहरु थप गरिएको :**

(ध) "वडा समिति" भन्नाले पोखरा महानगरपालिकाको वडाहरुलाई

सम्झनु पर्छ ।

(न) “ढुवानी” भन्नाले सङ्कलित फोहरमैला उत्पादन स्थलबाट सङ्कलन केन्द्र र सङ्कलन केन्द्रबाट स्थानान्तरण केन्द्रसम्म वा स्थानान्तरण केन्द्रबाट फोहरमैला व्यवस्थापन वा महानगरपालिकाले ताकेको स्थान सम्म लैजाने कार्य सम्झनु पर्छ ।

(प) “न्यूनीकरण” भन्नाले कुनै पनि प्रविधि वा उपायको प्रयोग गरी फोहरमैलाको परिमाण, आकार वा प्रभावमा कम गर्ने कार्य सम्झनु पर्छ ।

(फ) “प्रदूषण” भन्नाले फोहरमैलाबाट निस्कने ठोस, तरल वा ग्यास वस्तुको संयोजनबाट वातावरणमा प्रत्यक्ष रुपले प्रभाव परि वातावरणमा उल्लेखनीय ह्रास ल्याउने, क्षति पूर्याउने वा वातावरणको लाभदायी वा उपयोगी प्रयोजनमा हानि नोक्सानी पूर्याउने क्रियाकलाप सम्झनु पर्छ ।

(ब) “प्रभावित क्षेत्र” भन्नाले फोहरमैला व्यवस्थापन स्थलको प्रारम्भिक वातावरणीय परीक्षण र वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदनमा उल्लिखित क्षेत्रलाई सम्झनु पर्छ ।

(भ) “प्रशोधन स्थल” भन्नाले फोहरमैलालाई प्रशोधन गरी मल, ग्यास, ऊर्जा वा अन्य वस्तु उत्पादनका लागि कार्य सञ्चालन गर्ने स्थान सम्झनु पर्छ ।

(म) “पून: चक्रीय प्रयोग” भन्नाले प्रविधिको प्रयोगद्वारा सङ्कलित फोहरमैलालाई कच्चा पदार्थमा रुपान्तरण गरी उपयोगी वस्तुको रुपमा विकास गरी पून: प्रयोगमा ल्याउने कार्य सम्झनु पर्छ ।

(य) “स्थानान्तरण केन्द्र” भन्नाले सङ्कलित फोहरमैला विसर्जन गर्न फोहरमैला व्यवस्थापन स्थल (स्यानिटरी ल्याण्डफिल साइट) मा लैजानु अघि फोहरमैला सङ्कलनको लागि महानगरपालिकाले तोकेको स्थान सम्झनु पर्छ ।

(र) “स्वास्थ्य संस्थाजन्य फोहरमैला” भन्नाले अस्पताल, क्लिनिक,

फार्मेसी, औषधी पसल, ब्लड बैङ्क, प्याथोलोजिकल प्रयोगशाला, पशुस्वास्थ्यजन्य संस्था वा स्वास्थ्य अनुसन्धान केन्द्रबाट उत्पादन तथा निष्काशन हुने हानिकारक फोहरमैला सम्झनु पर्छ ।

(ल) "हानिकारक फोहरमैला" भन्नाले प्राकृतिक वातावरणमा ह्रास ल्याउने, मानव तथा अन्य प्राणीको स्वास्थ्यमा हानि नोक्सानी पूर्याउने विभिन्न रुपमा निष्काशित वस्तु, पदार्थ तथा रेडियो विकिरण सम्झनु पर्छ ।

(व) "रासायनिक फोहरमैला" भन्नाले यथास्थितिमा प्रयोग हुन नसक्ने जुनसुकै स्रोत तथा प्रक्रियाबाट निस्केका मानव स्वास्थ्य लगायत जीव, जन्तु एवं वातावरणमा प्रतिकूल असर पार्ने सम्पूर्ण रासायनिक पदार्थहरु वा समय समयमा नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी रासायनिक फोहरमैला भनी तोकेका ठोस, तरल, धुलो, लेदो, ग्यास लगायतका पदार्थ वा वस्तुलाई सम्झनु पर्छ ।

(श) "मन्त्रालय" भन्नाले नेपाल सरकारको संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय सम्झनु पर्छ ।

(ष) "बन्द पश्चात व्यवस्थापन" भन्नाले फोहरमैला व्यवस्थापन स्थलमा फोहरमैला विसर्जन गर्न बन्द गरे पश्चात् सो क्षेत्रको वातावरणीय सन्तुलन कायम राख्नको लागि गरिने कार्य सम्झनु पर्छ ।

(ह) जैविक भन्नाले छिट्टै कुहिने वा सड्ने गल्ने पदार्थ सम्झनु पर्छ र सो शब्दले जैविक चिजवस्तु प्रयोग गरी बनाइएका कागज, काठ समेतलाई जनाउनेछ ।

(क्ष) अजैविक भन्नाले छिट्टै सडिगली नजाने वा छिट्टै नकुहिने पदार्थ सम्झनु पर्छ ।

१०. **मूल ऐनको दफा ३ मा संसोधन :** दफाको शिर्षक सबै वाक्याँसको सट्टा "नगर स्तरीय समिति गठन" भन्ने वाक्याँस कायम गरिएको ।

११. **मूल ऐनको दफा ३ को उपदफा** (१) **मा संशोधन :** "व्यवस्थापन स्थल" भन्ने शब्दहरु पहिले "स्थानान्तरण केन्द्र" भन्ने शब्द थप गरिएको ।

"पूर्वाधार तथा संरचनाको निर्माण तथा सञ्चालन गर्ने" भन्ने शब्दहरु पछी "यस ऐन बमोजिम फोहरमैला व्यवस्थापन गर्ने गराउने दायित्व एवं" भन्ने शब्दहरु थप गरिएको ।

१२. **मूल ऐनको दफा ३ को उपदफा (४) पछी देहाय अनुसार उपदफा (५) थप गरिएको :**

(५) यस दफाको प्रयोजनको लागि फोहरमैला सङ्कलन केन्द्र, स्थानान्तरण केन्द्र वा प्रशोधन केन्द्र स्थालमा फालिएको वा राखिएको फोहरमैला वा सरसफाईको सिलसिलामा जम्मा भएको कुनै पनि पदार्थ फोहरमैला मानिनेछ ।

१३. **मूल ऐनको दफा ४ को उपदफा (२) को वाक्याँस पछी देहाय अनुसार स्पष्टीकरण थप गरिएको :**

**स्पष्टीकरण** : आफ्नो क्षेत्र भन्नाले निजी घर कम्पाउण्ड, औद्योगिक क्षेत्रको परिसर, अस्पताल वा स्वास्थ्य संस्थाको परिसर, औद्योगिक प्रतिष्ठानको परिसर लगायत फोहरमैला उत्पादन गर्ने व्यक्ति, संस्था वा निकायलाई सम्झनु पर्छ ।

१४. **मूल ऐनको दफा ५ को उपदफा (२) मा संसोधन: "नगरपालिका" शब्दको सट्टा "महानगरपालिका" शब्द कायम गरिएको ।**

१५. **मूल ऐनको दफा ६ को उपदफा (३) को वाक्याँस पछी देहाय अनुसार उपदफा (४) थप गरिएको :**

(४) व्यक्ति वा संसंस्थाहरुबाट निस्केको फोहोरमैला पृथकीकरण निष्काशन गर्नु गराउनु पर्नेछ ।

१६. **मूल ऐनको दफा ७ को उपदफा (२) को वाक्याँस पछी देहाय अनुसार उपदफा (३) थप गरिएको :**

(३) उपदफा (१) बमोजिम सङ्कलन केन्द्रमा फोहरमैला निष्काशन र सङ्कलन गर्ने समय र तरिका महानगरपालिकाले निर्धारण गरे बमोजिम हुनेछ ।

१७. **मूल ऐनको दफा ८ को उपदफा (१) मा संसोधन :** "फोहरमैलालाइ"

भन्ने शब्द पछी "फोहरमैला स्थानान्तरण केन्द्र वा" भन्ने शब्दहरु थप गरिएको ।

१८. मूल ऐनको दफा ९ को शिर्षक पछीको वाक्याँसलाई उपदफा (१) कायम गरिएको र सोही वाक्याँसमा "समन्वयात्मक" भन्ने शब्दको सट्टा "आवश्यक" भन्ने शब्द राखिएको ।

१९. **मूल ऐनको दफा ९ को शिर्षक पछीको वाक्याँस (नयाँ कायम उपदफा (१) ) पछी देहाय अनुसार उपदफा (२) थप गरिएको :**

(२) उद्योगको उत्पादन् प्याकिङ्ग गर्न प्रयोग गरेको वस्तुलाई पून : प्रयोग नगरी फोहरमैलाको परिमाणलाई घटाउने काममा प्रोत्साहन गर्न सम्बन्धित उद्योगसँग महानगरपालिकाले समन्वय गर्न सक्नेछ ।

२०. **मूल ऐनको दफा १० उपदफा (८) को वाक्याँस पछी देहाय अनुसार उप दफाहरु थप गरिएको :**

(९) यस दफा बमोजिम फोहरमैला वयवस्थापन स्थल तोक्दा दफा १४ बमोजिमको अधिनमा रही निजीक्षेत्रको जग्गामा समेत फोहरमैला व्यवस्थापन स्थलको विकास तथा सञ्चालन गर्न सकिनेछ ।

(१०) महानगरपालिकाले व्यवस्थापन स्थलको सञ्चालन तथा बन्द पश्चात् व्यवस्थापन सम्बन्धी कार्य तोकिएको वातावरणीय मापदण्ड अनुरुप गर्नेछ ।

(११) महानगरपालिकाले प्रारम्भिक चरणमा सङ्कलन भएको फोहरमैलालाई व्यवस्थित गर्न कुनै स्थानलाई स्थानान्तरण केन्द्रको रुपमा तोक्न सक्नेछ ।

(१२) उपदफा (११) बमोजिमको स्थानान्तरण केन्द्र तोक्दा जनस्वास्थ्य तथा वातावरणमा प्रतिकूल असर नपर्ने गरी तोक्नु पर्नेछ र यसरी तोकिएको स्थललाई दुर्गन्ध नआउने गरी आवश्यक व्यवस्था समेत गर्नुपर्नेछ ।

२१. **मूल ऐनको दफा ११ उपदफा (२) को खण्ड (ग) पछी देहाय अनुसारको खण्ड (घ) थप गरिएको :**

(घ) संस्था वा निकायको कानुनी हैसियत खुल्ने विवरण

२२. **मूल ऐनको दफा १२ उपदफा (२) को खण्ड (ङ) पछी देहाय अनुसारको खण्ड (च) थप गरिएको :**

(च) बन्द पश्चात् व्यवस्थापन

२३. **मूल ऐनको दफा १२ उपदफा (२) को खण्ड (च) मा संसोधनः सबै वाक्याँसको सट्टा देहाय अनुसार थप गरिएको :**

(च) प्रचलित कानूनको अधिन भित्र रही फोहोरमैला व्यवस्थापन सम्बन्धी अन्य तोकिएको कार्य ।

२४. **मूल ऐनको दफा १३ उपदफा (१) मा संसोधन :**

"तोकिएको विधि बमोजिम" भन्ने शब्दहरुको सट्टा "बोलपत्र आव्हान गरी भन्ने शब्दहरु थप गरिएको ।

२५. **मूल ऐनको दफा १३ उपदफा (३) मा संसोधन :**

"फोहोरमैला व्यवस्थापन सम्बन्धी" भन्ने शब्दहरुको सट्टा "बोलपत्र सम्बन्धी" भन्ने शब्दहरु थप गरिएको ।

२६. **मूल ऐनको दफा १५ को उपदफा (१) का सबै वाक्याँसहरुको सट्टा देहाय अनुसार राखिएको :**

(१) महानगरपालिकाले प्रचलित कानूनको अधिनमा रही निजी क्षेत्र, सामुदायिक एवं गैर सरकारी संघ संस्था सँगको साझेदारीमा फोहोरमैला व्यवस्थापन तथा सो सँग सम्बन्धित कार्य गर्न सक्नेछ ।

२७. **मूल ऐनको दफा १६ को उपदफा (४) को वाक्याँस पछी देहाय अनुसार वाक्याँस थप गरिएको :**

"........तर तोकिए बमोजिम विपन्न वर्गलाई सेवा शुल्कमा तोकिए बमोजिम छुट दिइनेछ ।"

२८. **मूल ऐनको दफा २० को उपदफा (२) संसोधन** : "..महानगरपालिकाले" भन्ने शब्द पछी "उपदफा (१) को प्रयोजनका लागि" भन्ने शब्दहरु थप गरिएको ।

२९. मूल ऐनको दफा २० को उपदफा (२) को खण्ड (ग) को वाक्याँस पछी

देहाय अनुसार उपदफाहरु थप गरिएको :

(३) उपदफा (१) र (२) बमोजिम योजना तर्जुमा तथा कार्यक्रम छनौट गर्दा समबन्धित समुदायसँग परामर्श गरी गर्नु पर्नेछ ।

(४) फोहरमैला व्यवस्थापन स्थलको सञ्चालन गर्दा वा सोको लागि कुनै कार्यक्रम कार्यान्वयन गर्दा वातावरण संरक्षण सम्बन्धी प्रचलित कानूनले तोकेको मापदण्डको अनुकूल हुने गरी गर्नु पर्नेछ ।

(५) फोहरमैलाको व्यवस्थापन स्थलको कारणले गम्भीर प्रभावित क्षेत्र र प्रभावित क्षेत्रको आर्थिक तथा समाजिक विकास एवं वातावरण संरक्षणमा सुझाव दिन स्थानीय स्तरमा तोकिए बमोजिमको समिति गठन गर्न सकिनेछ ।

स्पष्टीकरण : यस दफाको प्रयोजनको लागि गम्भीर प्रभावित क्षेत्र भन्नाले नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोकिदिएको क्षेत्रलाई सम्झनु पर्छ ।

३०. **मूल ऐनको दफा २१ को उपदफा (२) को खण्ड (ग) देखि (ट) सम्मको सबै वाक्याँसको सट्टा देहाय अनुसार वाक्याँसहरु र उपदफा (३) का सबै वाक्याँसरुको सट्टा देहाय अनुसार कायम गरिएको :**

क) उप-प्रमुख - अध्यक्ष

ख) प्रमुख प्रशासकीय अधिकृत - सदस्य

ग) कार्यपालिका सदस्य मध्येबाट नगरकार्यपालिकाले मनोनित गरेका १ जना महिला सहित २ जना - सदस्य

घ) महानगरपालिकाका वडा सदस्यहरु मध्येबाट लंगिक समानताका आधारमा कार्यपालिकाबाट मनोनित २ जना- सदस्य

ङ) वातावरण तथा विपद् व्यवस्थापन समितिको संयोजक- सदस्य

च) स्थानीय उद्योग तथा वाणिज्य संघसँग सम्बन्धित संस्थाका १ जना महिला सहित २ जना- सदस्य

छ) महानगरपालिका, स्वास्थ्य महाशाखाका प्रमुख - सदस्य

ज) नगर कार्यपालिकाले मनोनित गरेको फोहोरमैला प्रभावित क्षेत्रमा

बसोवास गर्ने व्यक्तिहरु मध्येवाट १ जना महिला सहित २ जना - सदस्य

झ) फोहोरमैला व्यवस्थापन तथा महानगरपालिका भित्र रहेका खानेपानी तथा सरसफाई सम्बन्धी कार्य गर्ने संस्थाहरु वाट १ जना -सदस्य

ञ) योजना तथा शहरी विकास शाखा प्रमुख- सदस्य

ट) नगर क्षेत्रभित्र फोहरमैला व्यवस्थापनमा कार्य गर्ने नीजि क्षेत्र/गै.स.स.को तर्फबाट नगर कार्यपालिकाले तोकेको १ जना -सदस्य

ठ) टोल विकास संस्थाहरु मध्येबाट नगर कार्यपालिकाले मनोनित गरेका १ महिला सहित २ जना -सदस्य

ड) महानगरपालिकाले तोकेको फोहोरमैला व्यववस्थापन सम्बन्धी विज्ञ १ जना - सदस्य

ढ) महानगरपालिकाले फोहोरमैला व्यवस्थापन तथा वातावरण शाखा प्रमुख- सदस्य सचिव

(३) उपदफा (२) को खण्ड (ग), (घ), (च), (ज), (ट), (ठ) र (ड) बमोजिम मनोनित सदस्यको पदावधि ३ वर्षको हुनेछ ।

३१. **मूल ऐनको दफा २३ को उपदफा (२) मा देहायको वाक्याँस हटाइएको :**
"....निजको अनुपस्थितिमा प्रमुखको हैसियतमा उपप्रमुखले बैठकको अध्यक्षता गर्नेछ ।"

३२. **मूल ऐनको दफा २४ को खण्ड (ढ) पछी देहाय अनुसार खण्ड (ण) र (त)थप गरिएको :**

(ण) फोहरमैला अत्यधिक उत्पादन हुने वस्तु भनी नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी प्रतिबन्ध लगाएको कुनै वस्तुको उत्पादन तथा बिक्री वितरण गर्ने,

(त) औद्योगिक प्रतिष्ठान वा स्वास्थ्य संस्थाले उद्योग वा स्वास्थ्य संस्थाबाट निस्कने हानिकारक फोहरमैला जथाभावि फाल्ने, राख्ने वा निष्काशन गर्ने वा गराउने,

(थ) सडक, बाटो, सार्वजनिक स्थलहरुमा गाई, गोरु, भैंसी, घोडा,

भेंडा बाख्रा, सुंगुर, लगायतका पशुहरु बाँधी, खुला छोडी फोहर गर्ने, आवागमनमा बाधा गर्ने तथा कुखुरा, हाँसलगायतका पंक्षीहरु खुला छोड्ने ।

(द) सार्वजनिक तथा खुल्ला ठाउँमा दिसा पिसाव गर्ने गराउर्ने ।

३३. **मूल ऐनको दफा २५ को उपदफा (१०) पछी देहाय अनुसार उपदफा (११) थप गरिएको :**

(११) दफा २४ को खण्ड (थ) र (पद) मा उल्लेख भए बमोजिमको कसूर गर्नेलाई प्रथम पटक भए रु. १,०००।- दण्ड जरिवाना र दोहोरिदा प्रत्येक पल्टको रु. २,०००।- का दरले तथा अटेरी गरेको पाइएमा नाम सार्वजनिक गर्न सक्नेछ ।

३४. **मूल ऐनको दफा २८ भन्दा पहिले देहाय अनुसार दफा तथा उपदफा थप गरिएको :**

**२८. प्लाष्टिक झोला तथा प्लाष्टिकजन्य वस्तुहरुको प्रयोग र त्यसको नियमनः** (१) सार्वजनिक स्वास्थ्य तथा वातावरणीय संरक्षणलाई ध्यानमा राखी तोकिएको मापदण्डभन्दा कम गुणस्तरको प्लाष्टिकको झोला, थैलो आदि बिक्री वितरण तथा प्रयोगमा महानगरपालिकाले रोक लगा( उन सक्नेछ ।

(२) पूनः प्रयोग गर्न नसकिने प्रकृतिका प्लाष्टिकलाई महानगरपालिकाले पूर्ण रुपमा प्रतिबन्ध लगाउन सक्नेछ ।

**२९. पशुपंक्षी नियन्त्रण सम्बन्धी व्यवस्था :** (१) महानगरवासीले पालेका कुकुरलाई महानगरपालिकाले तोकिदिए बमोजिम अनिवार्य रुपमा नियान्त्रण राख्नु पर्नेछ ।

(२) कुकुरवाट सिर्जित फोहरको व्यवस्थापन स्वयंले गर्नु पर्दछ । सार्वजनिक स्थान वा सडकमा जथाभावी रुपमा फाल्न पाइने छैन ।

(३) विभिन्न किसिमका महामारी फैलन सक्ने, वाली विरुवा नोक्सान पार्ने, सार्वजनिक यातायात र पैदल यात्रीलाइ कठिनाइ पूर्‍याउने, नगर क्षेत्रको स्वच्छता र सौन्दर्यतामा खलल पूर्‍याउने तरिकाबाट छोडिएका

सुँगुर, बंगुर, घोडा, खच्चर, गाई, भैंसी, बाख्रा, कुखुरा आदि जस्ता घरपालुवा चौपाया र पंक्षीहरुलाई छाडा छोड्न पाइने छैन ।

(४) महानगरक्षेत्रभित्र छाडा छोडिएका घरपालुवा जनावर, पशु चौपाया तथा पंक्षीलाई पक्राउ गरी राख्ने व्यवस्था गर्नेछ ।

**३०. मानव शव एवं मृत पशुपंक्षी व्यवस्थापन :** (१) महानगरपालिकाले नगर तथा नगरवासीको हित, समुन्नति, वातावरणीय पक्ष तथा सार्वजनिक स्वास्थ्यलाई ध्यानमा राखी शवदाह तथा शव गाड्ने स्थल तोक्न सक्नेछ ।

(२) महानगरपालिकाले सार्वजनिक स्वास्थ्यलाई ध्यानमा राखि मरेका पशुपंक्षी गाड्न निश्चित स्थल तोक्न सक्नेछ ।

(३) महानगरपालिकाले तोकेको स्थानमा शव दाहसंस्कार गर्दा, पशुपंक्षी गाड्दा आवश्यक सेवा शुल्क निर्धारण गर्न सक्नेछ ।

**३१. विशेष सरसफाई क्षेत्र तोक्न सक्ने :** (१) महानगर क्षेत्रको सौन्दर्यलाई बचाई नगरको इज्जत, प्रतिष्ठा वृद्धिका लागि नगरको मुख्य भाग, सार्वजनिक, ऐतिहासिक, धार्मिक स्थल तथा मठ-मन्दिर एवं विद्यालय आदिको प्राकृतिक सौन्दर्य क्षेत्रलाई चार किल्ला तोकी महानगरपालिकाले विशेष सरसफाई क्षेत्र घोषणा गर्न सक्नेछ ।

(२) विशेष सरसफाई क्षेत्र घोषणा भएको महत्व एवं संवेदनशीलतालाई ध्यानमा राखी, महानगरपालिकाले त्यस्तो स्थानमा कुनै पनि किसिमको फोहरमैला फाल्न, थुपार्न वा यस ऐनले प्रतिबन्ध गरेको कुनै कार्य गर्न गराउन निषेध गर्न सक्नेछ ।

३५. **मूल ऐनको दफा २८ को उपदफा** (२) **का सबै वाक्याँसहरु पछी देहाय अनुसार उपदफा** (३) **थप गरिएको :**

(३) महानगरपालिका क्षेत्र भित्र सञ्चालनमा रहेका सरकारी, सामुदायिक, अर्ध सरकारी, निजी अस्पताल तथा क्लिनिकहरु लगायतका संस्थाह( रुसँग महानगरपालिकाले साझेदारी गरी स्वास्थ्य संस्थाजन्य फोहोर प्रशोधन तथा भण्डारण केन्द्र ताकिए बमोजिम संचालन गर्न सकिनेछ ।

३६. मूल ऐनको दफा ३२ को शिर्षक पछी को वाक्याँसमा संसोधन : "प्रदेश/संघीय सरकारको" भन्ने शब्दहरु सट्टा "नेपाल सरकारको" भन्ने शब्दहरु राखिएको ।

३७. **मूल ऐनको दफा ३५ को शिर्षक पछी को वाक्याँसमा संसोधन :** "महानगरपालिकाले" भन्ने शब्द पछी "विभिन्न प्रकृतिका" भन्ने शब्दहरु थप गरिएको ।

**मिति : २०७७ फागुन ६ गते**

**आज्ञाले**
**प्रमुख प्रशासकीय अधिकृत**